फोन नं.: ०६७-४३०१०२, १०३, १०४

फलेवास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

खानीगाउँ, पर्वत

गण्डकी प्रदेश, नेपाल

प.सं.: ०७८/७९
च.नं.: ६९०

मिति: २०७८/०८/२०

श्री वडा कार्यालय सबै

विषयः जानकारी सम्वन्धमा ।

प्रस्तुत विषयका सम्वन्धमा आन्तरिक राजस्व कार्यालय वागलुंगको च.नं. ८८८, मिति २०७८/०८/१५ को प्राप्त पत्र यसै पत्रसाथ् संलग्न छ । पत्र अध्ययन गरि पत्रानुसार गर्न/गराउनुहुन जानकारी गराईन्छ ।

२०७८/८/२०
कृष्ण प्रसाद श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

फलेवास नगरपालिका

फोन नं.: ०६७-४३०१०२, १०३, १०४

# नगर कार्यपालिकाको कार्यालय

खानीगाउँ, पर्वत

गण्डकी प्रदेश, नेपाल

प.सं.: ०७८/७९

च.नं.: ६९०

मिति : २०७८/०८/२०

विषयः जानकारी सम्बन्धमा ।

श्री जो जस सँग सम्बन्धित छ ।

प्रस्तुत विषयका सम्बन्धमा आन्तरिक राजस्व कार्यालय, बाग्लुङको च.नं. ८८८, मिति २०७८।०८।१५ को प्राप्त पत्र यसै पत्र साथ संलग्न छ। आर्थिक एन, २०७८ ले दिएको सुविधा प्रयोग गर्ने सम्बन्धमा थप जानकारी संलग्न पत्रबाट लिनुहुन अनुरोध छ ।

२०७८/८/२०

कृष्ण प्रसाद श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत

फोन नं.:०६८-५२०१२९
०६८-५२००२९
Email: iro-baglung@ird.gov.np
Google plus code: 7J72+46

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

# आन्तरिक राजस्व कार्यालय, बागलुङ

पत्र संख्या: ०७८/७९
च.नं.: ८८८

मिति:२०७८/०८/१५

विषयः आर्थिक ऐन, २०७८ ले दिएको सुविधा प्रयोग गर्ने सम्बन्धमा।

श्री फलेवास नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, पर्वत।

प्रस्तुत विषयमा आर्थिक ऐन, २०७८ ले व्यवस्था गरेको तपसिल बमोजिमको छुट, सुविधा र बक्यौता मिन्हा सम्बन्धमा तहाँ कार्यालय अन्तर्गतका करदाताहरुलाई जानकारी गराई सुविधा उपयोग गर्न प्रचारप्रसार एवं जानकारी गराईदिनुहुन अनुरोध छ।

तपसिल

(१) संवत् २०७७ साल असार मसान्तभित्र भएको कर निर्धारणउपर चित्त नबुझाई विचाराधीन रहेका मुद्दा फिर्ता लिई सो बापत लागेको कर र यस कार्यालयमा करदाताले निवेदन दिएको मितिसम्मको ब्याजको पचास प्रतिशत रकम संवत् २०७८ साल मंसिर मसान्तभित्र बुझाएमा सो मा लागेको शुल्क, थप दस्तुर, जरिवाना तथा बाँकी ब्याज मिन्हा हुनेछ।

(२) संवत् २०७६ साल असार मसान्तसम्म कर निर्धारण भई बक्यौता रहेको रकम र यस कार्यालयमा करदाताले निवेदन दिएको मितिसम्मको ब्याज संवत् २०७८ साल पुस मसान्तभित्र बुझाएमा सोमा लागेको शुल्क, थप दस्तुर र जरिवाना मिन्हा हुनेछ।

(३) आर्थिक वर्ष २०७३/७४ देखि पूर्वानुमानित र कारोवारमा आधारित आय विवरण पेश गरेका करदाताहरुको वास्तविक कारोवार अंक फरक पर्ि Mismatch भएका करदाताले Mismatch भएको फरक रकमको १.५ प्रतिशत कर दाखिला गरेमा र यसरी Mismatch भएको रकममा कार्यालयले कर निर्धारण गरी बक्यौता कायम भएको रहेछ भने पनि कर निर्धारण गर्दा फरक परेको रकमको १.५ प्रतिशत ले हुने रकम २०७८ चैत मसान्तभित्र दाखिला गरेमा त्यस्तो बक्यौता समेत मिन्हा हुनेछ र त्यस्ता करदाताको यस भन्दा अगाडिका आर्थिक वर्षको आय सम्बन्धमा कुनै छानविन हुनेछैन।

(४) आयकर ऐन,२०३१, अन्तःशुल्क ऐन,२०१५ र मूल्य अभिवृद्धि कर ऐन,२०५२ भन्दा अगाडि कर निर्धारण भएका र बक्यौता रहेका करदाताले सो बक्यौता रकमको ७५ प्रतिशत रकम २०७८ पुस मसान्तभित्र बुझाएमा बाँकी सबै शुल्क, ब्याज, जरिवाना मिन्हा हुनेछ।

*(पुनश्चः झुट्टा तथा नक्कली बीजक सम्बन्धमा भएको कर निर्धारणमा यस्तो सुविधा उपलब्ध हुने छैन।)*

प्रमुख कर अधिकृत
शालिकराम आचार्य
प्रमुख कर अधिकृत